# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १६ | २०७७ माघ २१ गते | विक्री मुल्य रु. ०।००


## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।१०।१९*

# विदुर नगरपालिका क्षेत्र भित्र अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७७

# विदुर नगरपालिका क्षेत्र भित्र अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७७

**प्रस्तावना :**

विदुर नगरपालिका क्षेत्रभित्र संचालन हुने अटो तथा इ रिक्सालाई व्यवस्थीत गर्न आवश्यक देखिएकोले सोको व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४ (ट) १ ले दिएको अधिकार प्रयोग गरी **विदुर नगरपालिका क्षेत्र भित्र अटो तथा इ रिक्सा व्यवस्थापन निर्देशिका २०७७** विदुर नगरपालिका, नुवाकोटको मिति २०७७/११/०६ गतेको कार्यपालिका वैठकबाट पारित गरी यो निर्देशिका लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम **विदुर नगरपालिका क्षेत्र भित्र अटो तथा इ रिक्सा व्यवस्थापन निर्देशिका २०७७** रहेको छ ।

ख) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

क) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित नगरपालिका सम्झनु पर्छ ।

ख) "नगरपालिका" भन्नाले विदुर नगरपालिका सम्झनु पर्दछ ।

ग) " निर्देशिका" भन्नाले **विदुर नगरपालिका क्षेत्र भित्र अटो तथा इ रिक्सा व्यवस्थापन निर्देशिका २०७७** सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले विदुर नगरकार्यपालिका सम्झनु पर्छ ।

ङ) "प्रमुख"भन्नाले विदुर नगरपालिकाको नगर कार्यपालिका प्रमुखलाई सम्झनु पर्छ।

च) "उपप्रमुख" भन्नाले विदुर नगरपालिकाको नगर कार्यपालिका उपप्रमुखलाई सम्झनु पर्छ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विदुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज) "सवारी साधन" भन्नाले अटो तथा इ रिक्सा सम्झनु पर्नेछ ।

**३. दर्ता, नविकरण र खारेजीः**

१) प्रत्येक अटो तथा इ रिक्सा सवारी ऐन र नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नविकरण भै नगरपालिकामा वार्षिक रुपमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (१) क बमोजिम नगरपालिकाले तोकेको वार्षिक सवारी कर तोकिएको म्याद भित्र अनिवार्य बुझाई अटो रिक्सा नगरपालिकामा दर्ता हुनु पर्नेछ । यस नगरपालिकाका अधिकांश भू-भाग, पहाडी भूगोल भएकोले

उकालो/ओरालो सहितको अति जोखिमयुक्त सडक भएकोले दुर्घटना न्यूनीकरणको लागि निम्न उल्लेखित शर्तनामाहरु पालना गर्नुपर्ने छ। साथै अटोरिक्सा दर्ता गर्दा निम्न कागजात पेश गर्नुपर्नेछ र **अनुसूची २** बमोजिमको प्रमाण पत्र जारी गर्नेछ।

**पालना गर्नुपर्ने शर्तहरुः**

- रिक्साहरु कम्तीमा २२० सि.सि. क्षमताको हुनुपर्ने।
- दर्ता भएको कम्पनी मार्फत मात्र सञ्चालनको लागी प्रतिबद्धता गर्नुपर्ने।
- कम्पनीले इजाजत माग गर्दा कम्तीमा २० वटा रिक्साहरु नयाँ हुनुपर्ने।
- इजाजत प्राप्त कम्पनीले थप रिक्साहरुको लागी रुट माग गर्दा एक पटकमा कम्तीमा पाँच वटा रिक्सा हुनुपर्ने
- पुराना वा अन्य स्थानमा सञ्चालनमा आईसकेका अटोरिक्साहरुलाई नगरपालिका भित्र ईजाजत दिईने छैन।
- रिक्साहरुले पार्ने वातावरणीय प्रभाव सवारी दुर्घटना लगायतका विविध गतिविधिहरु नियन्त्रण गर्न पहिलो वर्ष नगरपालिका भित्र बढीमा सय वटा मात्र सञ्चालन गर्न दिईनेछ। साथै सो प्रयोजनमा दर्ताको लागि परेको पहिलो निवेदकलाई परिक्षण स्वरुप उक्त व्यवस्था लागु हुनेछ। तत्पश्चात मात्र माग भए बमोजिमका कम्पनीहरुलाई क्रमिक रुपमा प्रति वर्ष दश-दश वटाको दरमा विक्रि वितरण गर्न इजाजत दिन सकिनेछ।

**अटोरिक्साको सवारी दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरु :**

- न.पा.बाट तोकिएको ढाँचामा **अनुसूची १** बमोजिमको निवेदन पेश गर्ने।
- प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरि दिएको पत्र।
- सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिद।
- फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र र कम्पनी सञ्चालकहरुको नागरिकताको प्रमाण पत्र।
- आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्र प्रतिलिपि।
- सवारी साधनको इन्जिन नं. र च्यासिस नं खुलेको फोटो।
- सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच भएको विवरण।
- नियमानुसार भएको विमाको कागजात।
- सवारी कर, आयकर तिरेको रसिद।
- वित्तिय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकर, करचुक्ता प्रमाणपत्र र वित्तिय संस्थाले लगानी सुनिश्चितता गरेको जमानी पत्र।
- अन्य आवश्यक कागजातहरु।

२) नगरपालिकामा दर्ता भई संचालनमा आएमा अटोरिक्सा तथा इ रिक्साले वार्षिक रुपमा नगरपालिकामा तोकिएको सवारी कर बुझाई नविकरण गर्नुपर्नेछ। नविकरण गर्दा निम्न वमोजिम कागजातहरु पेश गर्नु पर्नेछ।

**(वार्षिक कर रु.२,०००।- (दुई हजार) बुझाई निम्न कागजातहरु पेश गर्नुपर्नेछ )**

- न.पा. बाट तोकिएको **अनुसूची ४** बमोजिमको ढाँचामा निवेदन पेश गर्ने ।
- प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र ।
- दर्ता गर्दा वा अघिल्लो आ.व. मा नविकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपी ।
- सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच भएको विवरण ।
- विमा अध्यावधिक गरीएको कागजात ।
- सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।
- सवारीधनी स्वंय उपस्थित हुन सक्ने भएमा नागरिकता र उपस्थित हुन नसकेको अवस्थामा दुबै जनाको नागरिकताको प्रतिलिपि सहित सवारीधनीको मञ्जुरीनामा ।

३) नियमानुसार प्रदुषण मापदण्ड पुरा नगरेको, कार्यालयमा सवारी साधन चेकजाँच गर्दा संचालन गर्न उचित नदेखिएको र वार्षिक नविकरण हुनुपर्ने समय भित्र नभई एक वर्ष म्याद नाघेको सवारी साधनलाई दर्ता खारेजी गरिनेछ । यसरी खारेजी भएका सवारी साधनहरु पुनः दर्ता हुन आएमा नियम ३ को उपनियम १ को प्रक्रिया अनुसार दर्ता हुनुपर्नेछ ।त

## ४. रुट निर्धारणः

१. नगरपालिका भित्र निम्नानुसार स्थानका लागि तल तोकिए बमोजिमको सेक्टरमा पार्किङ हुने गरी उल्लेखित संख्यामा अटो तथा इ रिक्साले सेवा दिने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४(ट) बमोजिम रुट प्रत्येक सवारी साधनका लागि चौमासिक रुपमा नगरपालिकाले तोकिए बमोजिमको रुट निर्धारण शुल्क लिई वडा नं. ४ को बट्टार बसपार्क देखि विदुर नगरपालिका क्षेत्र भित्रका सडकहरुमा सञ्चालन हुने गरि **अनुसूची ३** बमोजिमको रुट निर्धारण पत्र जारी गर्नेछ । रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य बोक्नु पर्नेछ ।

२. माथि उल्लेखित भएका स्थान एवं सेक्टरमा सवारी संख्या थपघट गर्नु परेमा नियम ८ बमोजिम गठित समितिको सिफारिस अनुसार नगरपालिकाले निर्णय गर्नेछ ।

३. प्रत्येक सवारी साधनले प्रत्येक चौमासिकमा रुट परमिट लिँदा निम्नानुसार कागजात पेश गर्नुपर्नेछ ।

*अटोरिक्साले रुट परमिट लिँदा पेश गर्नुपर्ने कागजातहरुः*

- न.पा. बाट तोकिएको ढाँचाको निवेदन ।
- नविकरण भएको ब्लुबुकको प्रतिलिपी ।
- जाँचपास प्रमाण पत्र ।
- वीमा (सवारी,चालक, यात्रु, सामान र तेश्रो पक्ष) भएको प्रतिलिपी ।
- माग भएको रुट खुलाउनुपर्ने ।
- चालकको लाइसेन्सको प्रतिलिपी र नागरिकताको प्रतिलिपी ।

- तोकिए बमोजिमको दस्तुर बुझाएको नगदी रसिद ।
- अर्को क्षेत्रबाट अनुमति लिई आएकोमा सो कार्यालयको सहमतिपत्र ।
- सवारीधनी स्वंय उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने ।

४. अटोरिक्साको रुट परमिट सम्बन्धी अन्य व्यवस्था

१) रुट परमिटको अवधि ४ महिनाको हुनेछ। रुट परमिट नविकरण दस्तुर सम्बन्धी व्यवस्था **अनुसूची-६** बमोजिम हुनेछ ।

२) नविकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।

३) परमिट नविकरण गर्दा वीमा वा जाँचपास अवधीले नभ्याउने भएमा जुन अवधी पहिला सकिन्छ सो उल्लेख गरी नविकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधी सोही दस्तुरको आधारमा नविकरण गरिदिने ।

४) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमति नलिई संचालन गर्न पाईने छैन ।

**५. चालकले पालना गर्ने पर्ने नियमहरु :**

प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नु पर्ने छ ।

१. सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताव, बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी चलाउनुपर्ने ।

२. विमा, नविकरण गरेको प्रमाण पत्र साथमा राखि सवारी चलाउनुपर्ने ।

३. अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए/नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने । तोकिएको भार क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्ने ।

४. मादक पदार्थ तथा लागु औषध सेवन गरि सवारी चलाउन पाईने छैन साथै प्रतिबन्धित मालसामान तथा चिजबस्तु ओसारपसार समेत गर्न पाईने छैन ।

५. सवारी चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगित बजाएर सवारी चलाउन पाइने छैन । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्ने ।

६. लेन अनुशासनको पालना गर्नुपर्ने, आफुभन्दा अगाडीको सवारी साधनसँग Breaking Distance कायम गर्नुपर्ने ।

७. अटोरिक्साको अगाडीको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाईने छैन साथै सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्याउन पाईने छैन ।

८. सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिंदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुऱ्याउनु पर्ने ।

९. सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

१०. रातिको समयमा यात्रा गर्दा लाइटको सहि सदुपयोग गर्नुपर्नेछ । अटोरिक्सा तिव्र गतिमा चलाउने र आफुखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाईने छैन ।

११. अटोरिक्सा मुख्य राजमार्ग र इजाजत प्राप्त नभएका सडकमा संचालन गर्न पाइने छैन । सडकको जथाभावी प्रयोग गर्ने, शारीरिक तथा मानसिक अवस्था ठीक नभएकोले सवारी चलाउने जस्ता कार्य गर्न पाइने छैन । होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ ।

१२. सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगर कार्यपालिका कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

**६. यात्रु सुरक्षाः**

यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पलना गर्नु/गराउनु पर्नेछ ।

- अटोरिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्ने ।
- स्थान अनुसारको भाडादर उल्लेख गरि सवारी साधनमा देखिने गरि टाँस्नुपर्ने ।
- अटोरिक्सामा राखिएका साउण्ड सिस्टम पूर्ण रुपमा हटाउनुपर्ने ।
- यात्रुहरुले यात्राका बखत जथाभावि फोहोर नफाल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**७. विमा सम्बन्धी व्यवस्थाः**

क) सवारी धनी वा व्यवस्थापकलाई वीमा वापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि वीमित रकम नपाइने हुनाले अनिवार्य रुपमा सम्बन्धित वीमा कम्पनीसँग सो रकम बराबरको वीमा पोलिसी वा प्रमाण पत्र लिनुपर्ने अन्यथा दुर्घटना वापतको क्षतिपुर्ती नपाइने व्यहोराको जानकारी दिनुपर्नेछ । कार्यालयमा वीमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनैपनि सेवाहरु प्रदान गरिने छैन ।

ख) प्रत्येक सवारीले ऐन र नियमावली तोके बमोजिमका दुर्घटना वीमा, मजदुर वीमा, तेश्रो पक्ष वीमा आदीको वीमा गरेको हुनुपर्नेछ ।

ग) बाटो इजाजत जारी वा नवीकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा वीमाको नाम र बहाल अवधी जनाउनुपर्नेछ ।

**८. अटो तथा इ रिक्सा व्यवस्थापन समिति गठनः**

१) नगरपालिका भित्र अटो तथा इ रिक्सा संचालनलाई व्यवस्थीत गर्दै सर्वसुलभ र दुर्घटना रहित ढंगबाट सेवा सुचारु एवं सुव्यवस्थीत गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहायनुसारको अटो तथा इ रिक्सा व्यवस्थापन समिति रहने छ ।

क) नगर कार्यपालिका प्रमुख – अध्यक्ष

ख) नगर कार्यपालिका उपप्रमुख – सदस्य

ग) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) नगर कार्यपालिका स्तरीय विषयगत समिति संयोजक – सदस्य

ङ) अधिकृत प्रतिनिधि जिल्ला प्रशासन कार्यालय नुवाकोट – सदस्य

च) अधिकृत प्रतिनिधि जिल्ला प्रहरी कार्यालय नुवाकोट – सदस्य

छ) प्रमुख ट्राफिक प्रहरी कार्यालय – सदस्य

ज) अटो व्यवसायीहरु मध्य नगरपालिकाबाट मनोनित व्यवसायी – सदस्य

झ) यातायात कार्यालयको अधिकृत प्रतिनिधि – सदस्य

ञ) नगर यातायात व्यवस्थापन तथा नियमन सम्वन्धि हेर्ने शाखा प्रमुख –सदस्य सचिव

२) नियम ३ (१) ज बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समय सम्म वहाल रहनेछ ।

३) नियम ३ बमोजिम गठीत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ ।

**९. अटो तथा इ रिक्सा व्यवस्थापन समितिको कामः**

क) नगरपालिका भित्र अटो तथा इ रिक्सा संचालनलाई व्यवस्थीत गर्न आवश्यक मार्गदर्शन गर्ने

ख) अटो तथा इ रिक्साको पार्किङ स्थल तोक्ने ।

ग) अटो तथा इ रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने ।

घ) सेवा क्षेत्र निर्धारण तथा कलस्टर अनुसार अटो तथा इ रिक्सा संख्या तोक्ने ।

ङ) नगरपालिकाको आवश्यकता अनुसारको अटो तथा इ रिक्सा संख्या निर्धारण गर्ने ।

च) अटो तथा इ रिक्साको व्यवस्थापन एवं यात्रुहरु विच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

**१०. जरिवाना सम्बन्धी व्यवस्थाः**

क) सवारी दर्ता, अनुमति नलिइ, स्वीकृति नलिई हेरफेर (रंग,सिट,स्वरुप, इन्जिन, च्यासिस) आवागमनमा बाधा पुऱ्याएमा १ हजारदेखि ५ हजारसम्म जरीवाना हुनेछ साथै सवारी साधनलाई पुरानै अवस्थामा मौजुदा राख्नुपर्ने ।

ख) तपशिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ सो रकम तत्काल बुझाउन नसक्नेलाई २४ घण्टाभित्र सम्बन्धित न.पा. कार्यालयमा पठाउनुपर्नेछ र न.पा. ले कसुर खुलाई ट्राफिक प्रहरीको पुर्जीको आधारमा **अनुसूची ५** बमोजिमको जरिवाना लागु हुनेछ । ट्राफिक संकेत वा इशारा उल्लघंन गरी चलाएको ।

- पार्कीङ निषेध गरिएको ठाउँ वा समयमा पार्कीङ गरेमा ।
- सवारी मोड्न वा ध्वनी संकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनी संकेत दिएमा ।
- ग्लत साइड तर्फ सवारी चलाएमा ।
- एकतर्फी सडकमा सो विपरित चलाएमा ।
- निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएमा ।
- राती बत्ती नबाली सवारी चलाएमा ।

- मदक पदार्थ सेवन गरी सवारी चलाएमा ।
- नम्बर प्लेट नराखी सवारी चलाएमा ।
- निर्धारित सिटभन्दा बढी यात्रु राखी चलाएमा ।
- सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा ।
- निर्धारित भाडा भन्दा बढी भाडा लिई सवारी चलाएमा ।
- लापरवाही साथ सवारी चलाएमा ।
- बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा ।
- चालक अनुमती पत्र साथमा नराखी सवारी चलाएमा ।
- ब्लुबुक नविकरण, जाँचपास, रुट पर्मिट, सवारी चालक अनुमती पत्र लगायतका कागजातहरु अध्यावधिक नभएमा ।

**११. जाँचपास सम्बन्धी व्यवस्था :**

क) प्रत्येक वर्ष अटोरिक्साले अनिवार्य रुपमा कार्यालयमा सवारी साधन ल्याई सम्बन्धित प्राविधिकबाट जाँचपास गराउनुपर्नेछ । दस्तुर रु. २०० लाग्नेछ ।

ख) जाँचपास अवधि सकिएको ७ दिन भित्र जाँचपास गराउनुपर्नेछ । सो अवधि नाघी आएमा थप ३५ दिनसम्म दोब्बर दस्तुर लाग्नेछ । सो अवधि पनि नाघि आएमा दोब्बरका अतिरिक्त थप रु १०००।– सम्म जरीवाना लाग्नेछ ।

ग) जाँचपास गर्न न.पा. ले तोकेको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

(नगरपालिकासंग जाँचपास गराउने सँयन्त्र नहुन्जेल सो सम्बन्धी कार्य गर्ने अन्य कुनै सरकारी कार्यालयबाट आधिकारिक रुपमा जाँचपास गराई आएको रिक्सालाई मान्यता दिईनेछ ।)

**१२. भाडा दर :**

नगरपालिका भित्र संचालन हुने सवारी साधनले निम्न बमोजिमको अधिकतम भाडादर लिई यातायात सेवा दिनु पर्नेछ । तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाइएमा नियम १० को उपनियम २ बमोजिमको दण्ड सजाय तथा जरीवाना नगरपालिकाले तोकिएको कर्मचारीले जरिवाना गर्न सक्नेछ ।

क) पिच गरिएको सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रीमा न्यूनतम रु. ५० र त्यसपछि प्रति कि.मि. थप रु.१५ का दरले भाडा दर कायम हुनेछ ।

ख) कच्ची सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रीमा न्यूनतम रु. १०० र त्यसपछि प्रति कि.मि. थप रु.३० का दरले भाडादर कायम हुनेछ ।

ग) सेक्टर अनुसारको भाडादर नियम ३ को उपनियम १ बमोजिम गठित समितिले तोके बमोजिम परिवर्तन गर्न सकिनेछ ।

घ) भाडादर परिवर्तन गर्नुपर्ने अवस्था आएमा नियम ३ को उपनियम १ बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

ङ) नियम ८ (१) बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम सामान ढुवानी गर्ने सवारी साधनको भाडामा थप शत प्रतिशत दर लागु हुनेछ ।

**१३. अनुगमनः**

ट्राफिक प्रहरी र न.पा. ले उल्लेखित कार्यविधि बमोजिम अटोरिक्सा संचालन भए नभएको अनुगमन गर्न सक्नेछ ।

**१४. विविधः**

यस निर्देशिकामा उल्लेख नभएकमा विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

## अनुसूची - १
### (दफा ३ (२) सँग सम्बन्धित)
### टेम्पो तथा अटोरिक्साविद्‌युतीय रिक्सा//पावर ड्रिलर सूचीकरण गर्नको लागि निवेदनको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विदुर नगरपालिका,
नुवाकोट ।

**विषय : सवारी साधन दर्ता गरि पाउँ ।**

महोदय,

प्रस्तुत सम्बन्धमा विदुर नगरपालिका वडा नं ..... बस्ने वर्ष ...... को म श्री/श्रीमती/सुश्री ........................ को स्वामित्वामा रहेका सवारी नं ...................................... को सवारी साधन रिक्सा/अटोरिक्सा/विद्‌युतीय रिक्सा/पावर ट्रिलर तहाँ कार्यालयमा दर्ताका लागि तपशिलको कागजात संलग्न गरि दर्ताका लागि यो निवेदन पेश गरेको छु । श्रीमानको जो आदेश ।

तपशिल :

१. सवारीधनिको नाम :
२. सवारी साधन नं :
३. इन्जिन नं :
४. चेसिस नं :

संलग्न कागजातहरु :

क. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि
ख. सवारी चालक अनुमती पत्रको प्रतिलिपि
ग. प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र
घ. सक्कल भन्सार प्रज्ञापन पत्रपिभन्सार महशुल तिरेको रसिद प्रतिलि/
ङ. फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
च. आयकर दर्ताको कागजात/करचुक्ता प्रमाण पत्रको प्रतिलिपि/VAT दर्ताको प्रतिलिपि
छ. सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गराउनु पर्ने
ज. विमाको कागजातको प्रतिलिपि
झ. वित्तिय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकर (PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि

ञ. सावारीधनी स्वयं उपस्थित हुन पर्नेछ । स्वयं उपस्थित हुन नसक्ने भएमा सवारीधनीले मञ्जुरीनामा दिएको पत्र ।

निवेदकको नाम :

नाम थर :

मिति :

## अनुसूची-२
## कार्यविधिको दफा ३(१)सँग सम्बन्धित सवारी दर्ता प्रमाण पत्र

विदुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, विदुर, नुवाकोट
वागमती प्रदेश, नेपाल

**सवारी दर्ता प्रमाणपत्र-**

| | |
|---|---|
| सवारी साधनको किसिम<br>सवारी साधनको दर्ता नम्बर<br>सवारी साधनको ईन्जिन नम्वर<br>सवारी साधनको चेसिस नम्वर | सवारी साधन धनिको फोटो<br><br>सवारी धनिको नाम<br>सवारी धनिको ठेगाना<br>सवारी धनिको नागरिकता नम्वर |

सवारी साधन दर्ता मिति
वहाल रहने अवधि

## अनुसूची-३

## दफा ४ (१) सँग समबन्धित रुट परमिट कितावको ढाँचा

**विदुर नगरपालिका**

**विदुर, नुवाकोट**

**रुट परमिट इजाजत पत्र**

सवारी दर्ता नं.

सवारी धनिको नाम :

वतन :

सवारी धनिको हस्ताक्षर

दतागर्ने अधिकारीको हस्ताक्षर

सवारी साधनको विस्तृत विवरण

| |
|---|
| १.कम्पनीको नाम : |
| २. सवारीको मोडल : |
| ३. बनेको साल : |
| ४. सिलिण्डर संख्या : |
| ५. हर्ष पावर/सि.सि. : |
| ६. च्यासिस नम्बर : |
| ७. इन्जिन नम्बर : |
| ८. सवारीको रङ : |
| ९. चालक सहित सिट क्षमता : |
| १०. पेट्रोल/डिजेल : |
| ११. रेडियो छ/छैन : |
| १२. खरिद भै आएको मानिस वा कम्पनी : |
| १३. प्रयोग : |
| १४ चलाउने इलाका : |
| १५. भन्सार निस्सा : |

| | इजाजत-पत्र पाएको क्षेत्र(रुट) | वहाल अवधि | इजाजत पत्र दिने वा नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | वहाल |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची-४
## कार्यविधिको दफा ३(२) सँग सम्बन्धित सवारी साधन नवीकरणको लागि सवारी साधनले दिने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विदुर नगरपालिका,
नुवाकोट ।

**विषय : सवारी साधन नवीकरण गरि पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयमा मिति ......................... मा दर्ता भएको मेरो स्वामित्वामा रहेको सवारी साधन रिक्सा/अटोरिक्सा/विद्युतीय रिक्सा/पावर ट्रिलर नियमानुसार नवीकरण गरिदिनु हुन तपशिलको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु । श्रीमानको जो आदेश ।

संलग्न कागजात :
१. दर्ता प्रमाण पत्रको प्रतिलिपि
२. सवारी साधनको ब्लुबुकको प्रतिलिपि

सवारीधनीको नाम :
ठेगाना :
सम्पर्क नं :
मिति :

## अनुसूची-५
## कार्यविधिको दफा १० सँग सम्बन्धित जरिवाना सम्बन्धि व्यवस्था

(क) १ हजारदेखि ५ हजारसम्म जरीवाना हुनेछ साथै सवारी साधनलाई पुरानै अवस्थामा मौजुदा राख्नुपर्ने ।

(ख) पहिलो पटक रु. ५०० ।– दोश्रो पटक रु. १००० ।– तेश्रो पटक रु. १५०० ।– र त्यसपछि पटकै पिच्छे दोब्बर जरीवाना गरी सचेत गराउन सक्नेछ ।

## अनुसूची-६

## कार्यविधिको दफा ४.४(१) सँग सम्बन्धित सवारी साधन रुट नवीकरण दस्तुर सम्बन्धी ढाँचा

- रुट परमिटको अवधि ४ महिनाको हुनेछ । म्याद समाप्त भएको मितिले १५ दिनसम्म परमिट नविकरण गराइसक्नु पर्नेछ । १५ दिन पछि थप ३० दिन सम्म अर्थात शुरु म्याद समाप्त भएको ४५ दिन सम्म दोब्बर दस्तुर तिरी नविकरण गराउन सकिनेछ । सो म्याद पनि समाप्त भै आएपछि रु. २०००।– (अक्षरुपी दुई हजार मात्र) थप जारीवाना लाग्नेछ र ६ महिना सम्म पनि नविकरण नगरेमा दर्ता खारेज गरि नयाँ दर्ताको प्रकृया अविलम्व गर्नु पर्नेछ ।

प्रमाणीकरण मिति : २०७७/१०/२१

आज्ञाले

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत